# विदुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

विदुर, नुवाकोट

बागमती प्रदेश, नेपाल

(पुनः सूचना प्रकाशित मिति २०८३/०४/०५)

**(E-biding only)**

**आ.व. २०८३/०८४ को बाँकी समयको लागि ढुङ्गा, गिट्टी, बालुवा, माटो, आदि प्राकृतिक एवं नदीजन्य तथा खानीजन्य वस्तुको उत्खनन, संकलन, आन्तरिक बिक्री निकासी कर, दस्तुर उठाउने ठेक्का वन्दोवस्तीको लागि बोलपत्र आव्हान सम्बन्धी ७ दिने सूचना ।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ उपदफा २ घ (६) तथा सार्वजनिक खरिद ऐन तथा नियमावली, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन/नियमावली, ढुंगा गिट्टि तथा वालुवा उत्खनन, विक्रि तथा व्यवस्थापन सम्वन्धि मापदण्ड, २०७७ मा भएको व्यवस्था वमोजिम बोलपत्र कागजातमा तोकिएको स्थान र परिमाणभित्र रही नगर पालिकाभित्र रहेका नदी, खोला, क्रसर,वासिङ,खानी र वालुवा प्रशोधन उद्योगबाट उत्पादन हुने सबै खाले ढुंगा, गिट्टी, प्रशोधित तथा अप्रशोधित बालुवा, ग्राभेल, दहत्तर, वहत्तर, नदीजन्य तथा खानीजन्य निमार्ण सामग्री आर्थिक वर्ष २०८३/२०८४ को बाँकी समयको लागि स्थानीय कर संकलन गर्न ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकाले इच्छुक फर्म, वा कम्पनीहरुले तपसिल बमोजिमका ठेक्काहरुमा उल्लिखित शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा छुट्टाछुट्टै वा एकमुष्ट रुपमा सहभागी हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | विवरण शिर्षक | आ व २०८३।०८४ को बाँकी अविधको उत्खनन योग्य परिमाण (घ.फि) | दर प्रति घ.फि. (रु.) | कुल न्यूनतम कबोल अंक (भ्याट बाहेक) रु. | धरौटी रकम |
|---|---|---|---|---|---|
| BM/NCB/Revenue/07-Group A/2082-083 | १) विदुर नगरपालिकाको क्षेत्राधिकारमा रहेको १ नं. वडा त्रिशुली पुरानो पुलदेखि तल, सामरी खोला र जाल्पादेवि खानी क्षेत्रबाट विक्रि हुने ढुंगा, गिट्टि,वालुवा, ग्रावेल, नदीजन्य, खानीजन्य र निर्माणजन्य सामग्रीको कर संकलन, कर असुल गर्ने (विदुर नगरपालिकाले संकलन गर्ने स्थानीय शुल्क रु.०.५० का दर बाहेक) | २३,५०,२३३.६ | ७ | १,६४,५२,००० | मुल्य अभिवृद्धि करसहितको कवोल अंकको ५ प्रतिशत |
| BM/NCB/Revenue/07-Group B/2082-083 | २) विदुर नगरपालिकाको क्षेत्राधिकारमा तादी नदी क्षेत्रबाट विक्रि हुने ढुंगा, गिट्टि,वालुवा, ग्रावेल, नदीजन्य र निर्माणजन्य सामग्रीको कर संकलन, कर असुल गर्ने | २३२२५५०.५६ | ७ | १,६२,५८,००० | |
| BM/NCB/Revenue/07-Group C/2082-083 | ३) विदुर नगरपालिकाको क्षेत्राधिकारमा सलाखु, फलाखु, गेर्खु नदी क्षेत्रबाट विक्रि हुने ढुंगा, गिट्टि,वालुवा, ग्रावेल, नदीजन्य र निर्माणजन्य सामग्रीको कर संकलन, कर असुल गर्ने | ७०९५८९.७६ | ७ | ४९,६८,००० | |
| BM/NCB/Revenue/07-Group D/2082-083 | ४) विदुर नगरपालिकाको क्षेत्राधिकारमा रहेको १ नं. वडा त्रिशुली पुरानो पुलदेखि माथि त्रिशुली नदी क्षेत्रबाट विक्रि हुने ढुंगा, गिट्टि,वालुवा, ग्रावेल, नदीजन्य, खानीजन्य र निर्माणजन्य सामग्रीको कर संकलन, कर असुल गर्ने | ३६३९७५.४८ | ७ | २५,४८,००० | |
| जम्मा रु | | | | ४,०२,२६,००० | |

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपी समेत संलग्न राखी फारमसाथ निवेदन पेश गरी यो सूचना पुनः प्रकाशन भएको मितिले ८ औं दिन दिनको १२ बजेभित्र बिद्युतीय माध्यमबाट बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धि कागजातहरु अपलोड गर्नुपर्नेछ । बोलपत्र सूचना र कागजात नगरपालिकाको वेबसाइट www.bidurmun.gov.np बाट पनि हेर्न र डाउनलोड गर्न सकिनेछ ।

विदुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय विदुर, नुवाकोट बागमती प्रदेश, २०७३

२. बोलपत्र सम्वन्धि फारम भर्दा कवोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ ।

३. आफुले कवोल गरेको अंकको मू.अ. कर समेत हुन आउने रकमको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि. शाखा कार्यालय त्रिशुलीमा रहेको धरौटी खाता नं. ०२६०३००००३००००००००४ मा जम्मा गरी सोको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र नं. र कामको विवरण उल्लेख गरी बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिनको म्याद भएको विड वण्ड बोलपत्र कागजात साथ पेश गर्नु पर्नेछ ।

४. बोलपत्रदाताले बोलपत्र कागजातको प्रत्येक पानामा सही छाप गर्नुपर्नेछ ।

५. रितपुर्वक पर्न आएका बोलपत्रहरु बोलपत्र दाखिला गर्ने अन्तिम दिनको २ बजे नगरपालिकाको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरुको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

६. बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्वन्धि फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

७. म्याद नाघी रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. बोलपत्रदाताले एकमुष्ट कवोल अंकको रकम बुझाउनु पर्नेछ । यदि बोलपत्रदाताले किस्ताबन्दीमा रकम बुझाउन चाहेमा प्रथम किस्ता बापत कबोल अंकको कम्तीमा ४० प्रतिशत रकम (मू.अ.कर समेत) सम्झौता गर्दाको बखत अनिवार्य बुझाउनु पर्नेछ । बाँकी ६० प्रतिशत रकमको हकमा (मू.अ.क. समेत) नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको २०८४ श्रावण मसान्तसम्म अवधि भएको बैंक जमानत पेश गरेपछि मात्र ठेक्का सम्झौता गरिनेछ । उक्त बाँकी ६० प्रतिशत रकममा ३० प्रतिशत पौषमसान्त र ३० प्रतिशत रकम चैत्र मसान्तसम्ममा बुझाउनु पर्नेछ ।तिर्नु बुझाउन पर्ने कर लगायतको रकममा कुनै पनि छुट सुविधा उपलब्ध हुनेछैन ।

९. नियमानुसार नेपाल सरकारलाई वुझाउन पर्ने आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै वुझाउन पर्नेछ ।

१०. नियमानुसार तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरी कानून बमोजिम कारवाही प्रक्रिया अगाडि बढाइनेछ ।

११. उठाइने करका दरहरु बोलपत्र फारामसाथ उपलब्ध गराइनेछ ।

१२. यो सूचना आर्थिक वर्ष ०८३/०८४ को बाँकी समय अवधिको लागि मात्र हुनेछ । कुनै पनि परिस्थितीजन्य कारण देखाई ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन ।

१३. विदुर नगरपालिका र बोलपत्रदाताबिचमा क्षेत्राधिकारका विषयमा विवाद उत्पन्न भएमा आपसी समझदारीमा समाधान गरिनेछ । आपसी समझदारीमा समाधान नभएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१४. नगरपालिका र बोलपत्रदाताबीच सम्झौता भएको मितिदेखि सम्झौता कार्यान्वयन भएको मानिनेछ ।

१५. बोलपत्रदाताले आर्थिक प्रस्ताव गर्दा नदीजन्य पदार्थ र खानीजन्य पदार्थको एकमुष्ट मूल्य राखी बोलपत्र पेश गर्नु पर्नेछ।

१६. यस नगरपालिकाका नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, यस नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै

नदी तथा खोलाहरुमा यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन बोलपत्र फाराममा भएका विषयहरु यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

१७. यो सूचना र बोलपत्र कागजातमा उल्लेख भएका विषय यसै सूचना र बोलपत्र कागजात बमोजिम हुने र उल्लेख नभएका विषयहरु प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
विदुर नगरपालिका